
NARC Publication Serial No. 00245-155/2014/2015

# नेपालमा हालसम्म उन्मोचित र पंजिकृत आलुका जातहरु : एक छोटो परिचय



डा. भीम बहादुर खत्री
डा. विनोद प्रसाद लुईटेल
दुर्योधन चौधरी

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय आलुवाली अनुसन्धान कार्यक्रम
खुमलटार, ललितपुर, नेपाल
२०७२

## परिचय

नेपालको उच्च पहाड, मध्य पहाड तथा तराईका भू-भागहरुमा कृषकहरुले स्थानिय तथा उन्नत गरि विभिन्न नामका कैयौं आलुका जातहरु बर्षौंबाट खेती गर्दै आएका छन् । समयको अन्तराल, बदलिंदो हाबापानी, प्रयोगकर्ताहरुको बदलिंदो मागका कारण बढी उत्पादन दिने, रोग अवरोधी र प्रशोधन उपयोगी जातहरुको अनुसन्धान तथा विकास गर्नु जिम्मेवारी भए अनुरुप नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना भए पश्चात राष्ट्रिय आलुवाली अनुसन्धान कार्यक्रमले उच्च प्राथमिकताका साथ उक्त कार्यमा निरन्तरता दिईरहेको छ ।

लामो र छोटो दिनमा अथवा पहाड र तराईमा खेती गरिने आलुमा जातहरुको छनोटमा विशेष भूमिका हुन्छ । आलुको बोटमा विद्यमान वानस्पतिक तथा उत्पादन विशेषताहरु पनि आलु खेती गरिने आवहवाका अलावा मूख्यत जात विशेषमा पनि निर्भर रहने भएकोले आलुका कृषकहरु तथा कृषि प्राविधिकहरुमा कम्तीमा पनि हाम्रो देशमा व्यावसायिक रुपमा आलुखेती गर्नका लागि उन्मोचन गरिएका १० वटा जातहरुको मुख्य पहिचान तथा जातीय गुणहरु यस पुस्तिका मार्फत पहिचानका लागि सजिलो होओस् भन्ने उद्देश्यले दानाहरुको चित्र सहित यहाँ प्रस्तुत गरिएको छ ।

## १. कुफ्रिज्योती

सन् १९६८ मा भारतमा विकास गरिएको यो जात (चित्र १) त्यसै ताका नै नेपाल भित्रिएको थियो । शुरुमा डढुवा रोग अवरोधक मानिएको यस जातले हाम्रो देशको मध्य तथा उच्च पहाडी क्षेत्रमा पनि राम्रो उत्पादन दिएका कारण सन् १९९०/१९९१ (वि. सं. २०४९) मा ब्यावसायिक खेतीका लागि उन्मोचन गरियो ।



चित्र १

### जातीय पृष्ठभूमी

पैतृक पहिचान : ३०६९d (4) x 2814 a (1) = SLBZ-389 (b)

| | | |
|---|---|---|
| जातीय श्रोत | : | केन्द्रीय आलु अनुसन्धान संस्थान, सिमला, भारत |

## वानस्पतिक स्वरूप

| | | |
|---|---|---|
| बोटको आकार | : | मध्यम, अग्लो र गाँजिएको |
| डाँठको किसिम | : | मोटो र संख्यामा मध्यम |
| पातको किसिम | : | चिप्लो र चमकदार सतह |
| फूलको रंग | : | सेतो |
| आलुको दाना | : | अण्डाकार, ठूलो, बोक्रा चिल्लो र हल्का सेतो |

## जातीय विशेषता

| | | |
|---|---|---|
| बाली तयार हुने समय | : | उच्च पहाडमा ११०-१२० दिन र मध्य पहाडमा १००-११० दिन |
| डाँठको संख्या | : | सरदर ५ प्रति बोट |
| दानाको संख्या | : | सरदर ७ प्रति बोट |
| दानामा सुषुप्तावस्था | : | सामान्यतया १२ हप्ता (मध्यम) |
| सरदर उत्पादन | : | २०-२५ टन/हेक्टर |
| रोग अवरोधक क्षमता | : | ऐजेरु नलाग्ने, अगौटे डढुवा सामान्य अवरोधक, केहि बर्ष अगाडी सम्म डढुवा अवरोधक भनेर चिनीए पनि हाल लाग्न शुरु भएको । |
| अन्य विशेषताहरु | : | तराई, मध्य तथा उच्च पहाडी सबै क्षेत्रमा समेत खेती गर्न सकिने । मनसुन वाली र शरद वालीका रुपमा पनि उत्पादन लिन सकिने । |
| सिफारिस भौगोलिक क्षेत्र | : | मध्य तथा उच्च पहाडी क्षेत्र |

Acc No 9290 D

## २. कुफ्रि सिन्दुरी

भारतमा विकास गरिएको यो जात (चित्र २) हाम्रो देशमा सन् १९७८ मा भित्रिएको थियो । यसको बढि उत्पादन दिने क्षमता तथा अन्य गुणहरुका कारण सन् १९९०/१९९१ (वि.सं. २०४९) मा नेपालमा उन्मोचन गरिएको थियो ।




चित्र २

### जातीय पृष्ठभूमी

| | | |
|---|---|---|
| पैतृक पहिचान | : | कुफ्रि रेड X कुफ्रि कुन्दन = सि. १४० |
| जातीय श्रोत | : | केन्द्रीय आलु अनुसन्धान संस्थान, सिमला भारत |

### वानस्पतिक स्वरूप

| | | |
|---|---|---|
| बोटको आकार | : | अग्लो, ठाडो र खुल्ला किसिमको |
| डाँठको संख्या | : | संख्यामा थोरै, रंग एकनासको, डाँठको मोटाई मझौला खालको |
| पात | : | खुल्ला किसिमको, सतह खुम्चिएको र सानो आकारको |
| फूल | : | हल्का रातो र सेतो टुप्पा भएको |
| आलुको दाना | : | गोलो, रातो बोक्रा र गुदी हल्का पहेंलो, आँखाको गहिराई मझौला प्रकारको |

### जातीय विशेषता

| | | |
|---|---|---|
| बाली तयार हुने समय | : | ११० देखि १३० दिन |
| डाँठको सँख्या | : | सरदर ५ प्रति बोट |
| दानाको संख्या | : | सरदर ९-१२ प्रति बोट |
| शुषुप्तावस्था | : | लामो (१२ हप्ता) |
| सरदर उत्पादन | : | २०-३० टन/हेक्टर |

| | | |
|---|---|---|
| रोग अवरोधक क्षमता | : | ऐजेरु नलाग्ने, अगौदै डढुवा केही सहन सक्ने, डढुवा रोग लाग्ने पात दोब्रिने भाइरस रोग सहन सक्ने |
| हावापानी | : | अन्य जातको तुलनामा सुख्खा तथा खडेरी केहि सहन सक्ने |
| अन्य विशेषताहरु | : | कम मलिलो जमिनबाट पनि सन्तोषजनक उत्पादन लिन सकिने भण्डारण क्षमता तुलनात्मक रुपमा राम्रो |
| सिफारिस भौगोलिक क्षेत्र | : | तराई तथा भित्रि मधेश |

## ३. डेजिरे

यो जात (चित्र ३) सन् १९८०/८१ मा नेदरल्याण्ड्सबाट नेपाल भित्रिएको थियो । आकर्षक दानाको रंग, मनपर्ने स्वाद तथा बाली छिट्टै तयार हुने जस्ता यस जातका विशेषताहरुले गर्दा सन् १९९०/९१ (वि.सं. २०४९) मा यो जात हाम्रो देशमा पनि व्यावसायिक खेतीका लागि उन्मोचन गरिएको थियो ।



चित्र ३

### जातीय पृष्ठभूमी

| | | |
|---|---|---|
| पैतृक पहिचान | : | अर्जेन्टा डिपेस्के |
| जातीय श्रोत | : | नेदरल्याण्डस् |

### वानस्पतिक स्वरूप

| | | |
|---|---|---|
| बोटको आकार | : | होचो र फैलिने खालको |
| डाँठ | : | मोटो, हल्का रातो रंग |
| पात | : | तुलनात्मक रुपमा साना र रंगिन |
| फूल | : | गुलावी रंगका फूल धेरै फुल्ने |
| आलुको दाना | : | अण्डाकार लामो, बोक्रा रातो, चिप्लो, गुदी पहेंलो, आँखाको गहिराई कम |

## जातीय विशेषता

| | | |
|---|---|---|
| बाली तयार हुने समय | : | ८० देखि ९० दिने |
| डाँठको सँख्या | : | सरदर ४ प्रति बोट |
| दानाको संख्या | : | सरदर ७ प्रति बोट |
| सरदर उतपादन | : | १५ देखि २० टन प्रति हेक्टर |
| शुषुप्तावस्था | : | छोटो (८ हप्ता भन्दा कम) |
| रोग अवरोधक क्षमता | : | डढुवा लाग्ने, पात दोब्रिने भाइरस रोग लाग्ने तर ऐजेरु अवरोधक |
| अन्य विशेषताहरु | : | तराई, भित्री मधेश, मध्य पहाड तथा उपत्यकाहरु सबै ठाउँहरुमा राम्रो उत्पादन लिन सकिने, अरु जातहरुको तुलनामा छिट्टै तयार हुने |
| सिफारिस भौगोलिक क्षेत्र | : | तराई, उपत्यका तथा मध्य पहाड |

## ४. जनकदेव

यो जात (चित्र ४) नेपालमा अन्तराष्ट्रिय आलुवाली केन्द्र (CIP) बाट पहिलो पटक सन् १९९० मा भित्रिएको थियो भने सन् १९९९ (वि. सं. २०५६) मा उन्मोचन गरिएको थियो ।




चित्र ४

## जातीय पृष्ठभूमी

| | | |
|---|---|---|
| पैतृक पहिचान | : | Atzimba x Desiree = (Urgenta Depeache) |
| जातीय श्रोत | : | अन्तराष्ट्रिय आलुवाली केन्द्र, लिमा, पेरु |

## वानस्पतिक स्वरूप

| | | |
|---|---|---|
| बोटको आकार | : | अग्लो |
| डाँठ | : | संख्यामा थोरै, मोटो, एकैनासको, बैजनी रंग |

| | | |
|---|---|---|
| पात | : | खुल्ला किसिमको, हल्का हरियो, खस्रो सतह |
| फूल | : | लामो दिनमा धेरै फुल्ने, बैजनी |
| आलुको दाना | : | मध्यम देखि ठूलो आकारको, रातो बोक्रा, गुदी हल्का पहेंलो, आकार लाम्चो |

## जातीय विशेषता

| | | |
|---|---|---|
| बाली तयार हुने समय | : | १०० देखि १२० दिन (मध्यम) |
| डाँठको सँख्या | : | सरदर ४ प्रति बोट |
| दानाको संख्या | : | सरदर ९ प्रति बोट |
| शुषुप्तावस्था | : | करिब ८ हप्ता (मध्यम) |
| सरदर उत्पादन | : | २०-२५ टन प्रति हेक्टर |
| रोग अवरोधक क्षमता | : | ऐजेरु अवरोधक, डढुवा सहन सक्ने |
| अन्य विशेषताहरु | : | भण्डारण क्षमता राम्रो, असिना सहन सक्ने, नेपालका सबै भू-भागमा खेती गर्न सकिने, सुख्खा तथा खडेरीबाट केहि बच्न सक्ने । |
| सिफारिस भौगोलिक क्षेत्र | : | तराई देखि उच्च पहाडी भेग सम्म खेती गर्न सकिने । |

## ५. खुमल सेतो - १

यो जात (चित्र ५) सिप ७२००८८ को नामबाट पहिलोपटक सन् १९८२/८३ नेपाल भित्रिएको हो । यो जातको उत्पादन क्षमता र अन्य विशेषताहरुका कारण सन् १९९९ अर्थात वि.स.२०५६ मा खुमल सेतो-१ का नामले उन्मोचन गरिएको थियो ।



चित्र ५

## जातीय पृष्ठभूमी

| | | |
|---|---|---|
| पैतृक पहिचान | : | MP161377.23 x B-5=65 = Atlantic x Huinkul |

| | | |
|---|---|---|
| जातीय श्रोत | : | अन्तराष्ट्रिय आलुवाली केन्द्र, लिमा, पेरु |

## वानस्पतिक स्वरूप

| | | |
|---|---|---|
| बोटको आकार | : | मध्यम खालको र फैलिएको |
| डाँठ | : | मसिना, ५-७ प्रति बोट |
| पात | : | खुल्ला, हल्का हरियो |
| फूल | : | सेतो रंगको, लामो दिनमा मात्र फुल्ने तर थोरै संख्यामा |
| दानाको रंग | : | सेतो र गुदिको रंग पनि सेतो |

## जातीय विशेषता

| | | |
|---|---|---|
| वाली तयार हुने समय | : | १०० देखि १२० दिन (मध्यम) |
| मुख्य डाँठको संख्या | : | सरदर ५ प्रति बोट |
| दानाको संख्या | : | सरदर १० प्रतिबोट |
| सरदर उत्पादन | : | २५ टन प्रति हेक्टर |
| सुषुप्तावस्था | : | करिब ८ हप्ता (मध्यम) |
| रोग अवरोधक क्षमता | : | ऐजेरु अवरोधक, डढुवा सहन सक्ने, पात दोब्रिने भाइरस अवरोधक |
| अन्य विशेषता | : | असिना र सुख्खा केहि हदसम्म सहन सक्ने । |
| सिफारिस भौगोलिक क्षेत्र | : | तराई तथा भित्री मधेश देखि उच्च पहाडसम्म |

## ६. खुमल रातो-२

अन्तराष्ट्रिय आलुवाली केन्द्र, लिमा पेरुबाट यो जात (चित्र ६) सन् १९८९ मा नेपाल ल्याईएको हो । यसमा विद्यमान वानस्पतिक गुण तथा बढि उत्पादन क्षमताका आधारमा सन् १९९९ (वि. सं. २०५६) मा यो जातलाई खुमल रातो - २ का नामले उन्मोचन गरियो ।



चित्र ६

### जातीय पृष्ठभूमी

| | | |
|---|---|---|
| पैतृक पहिचान | : | MUS 136.6 x 3345D (1) x 2288 (2) |
| जातीय श्रोत | : | अन्तराष्ट्रिय आलुवाली केन्द्र, लिमा, पेरु |

### वानस्पतिक स्वरूप

| | | |
|---|---|---|
| बोटको आकार | : | ठाडो किसिमको |
| डाँठ | : | थोरै र मध्यम खालको मोटाई, बैजनी रंग |
| पात | : | मध्यम खालको बनोट, सतह खुम्चिएको, हल्का हरियो रंग |

### जातीय विशेषता

| | | |
|---|---|---|
| वाली तयार हुने समय | : | १०० देखि १२० दिन (मध्यम) |
| मुख्य डाँठको संख्या | : | सरदर ४ प्रति बोट |
| दानाको संख्या | : | सरदर ११ प्रति बोट |
| सरदर उत्पादन | : | २०-२५ टन प्रति हेक्टर |
| रोग अवरोधक क्षमता | : | ऐजेरु अवरोधक, डढुवा रोग अवरोधक, अगौटे डढुवा रोग केही सहन सक्ने |
| अन्य विशेषताहरु | : | तराई क्षेत्रमा उन्मोचित अन्य जातहरु भन्दा बढि उत्पादन दिने, आकर्षक दानाको रंग |

## ७. खुमल लक्ष्मी

यो जात (चित्र ७) सिप ३८८५७२.१ को रुपमा अन्तराष्ट्रिय आलुवाली केन्द्र लिमा पेरुबाट सन् १९८९/९० तिर नेपालमा भित्रिएको थियो । विभिन्न अनुसन्धान केन्द्रहरु तथा कृषकक को खेतबारीमा यो जातले देखाएको नतिजा र कृषकहरुको चाहना



चित्र ७

अनुसार यो जातलाई खुमल लक्ष्मीको नामले सन् २००८ (वि.सं. २०६५) मा उन्मोचन गरिएको हो ।

## जातीय पृष्ठभूमी

| | | |
|---|---|---|
| पैतृक पहिचान | : | ABWH-87.316 x BK (LB) |
| जातीय श्रोत | : | अन्तराष्ट्रिय आलुवाली केन्द्र, लिमा, पेरु |

## वानस्पतिक स्वरूप

| | | |
|---|---|---|
| बोटको आकार | : | अग्लो, कम फिंजिएको |
| डाँठ | : | मध्यम खालको मोटाई, रौं केहि मात्रामा, रंगमा केहि रातो देखिने |
| पात | : | गाढा हरियो, खस्रो सतह र केहि लाम्चो खालको पात |
| फूल | : | बैजनी रङ्गको, छोटो दिनको तुलनामा बर्षे ऋतुमा धेरै फूल्ने |
| आलुको दाना | : | साना देखि ठूला सबै आकारका, रातो समतल सतह, सेतो गुदी, |
| आँखाको गहिराई | : | मध्यम, गाढा बैजनी रङ्गको टुसा । |

## जातीय विशेषता

| | | |
|---|---|---|
| बाली तयार हुने समय | : | मध्यम अर्थात १०० देखि १२० दिनमा तयार हुने |
| डाँठको सँख्या | : | सरदर ३-५ प्रति बोट |
| दानाको संख्या | : | सरदर १०-१५ प्रति बोट |
| शुषुप्तावस्था | : | मध्यम (६-८ हप्ता) |
| सरदर उत्पादन | : | २०-२५ टन प्रति हेक्टर |
| रोग अवरोधक क्षमता | : | ऐजेरु अवरोधक, डढुवा सहन सक्ने |
| अन्य विशेषताहरु | : | तराई देखि उच्च पहाडी क्षेत्र सम्म खेती गर्न सकिने, |
| सिफारिस भौगोलिक क्षेत्र | : | तराई देखि उच्च पहाड |

## ८. आई.पि.वाई-८



चित्र ८

यो जात (चित्र ८) पनि सन् १९८९/९० मा सिप नं ३८८५७२.४ को रुपमा नेपाल भित्रिएको हो । तराइका विभिन्न अनुसन्धान केन्द्रहरु र कृषकको खेतवारीमा यो जातले देखाएको नतिजा अनुसार सन् २००८ अर्थात वि.सं. २०६५ मा यो जातलाई आई. पि. वाई-८ को नाममा उन्मोचन गरियो ।

### जातीय पृष्ठभूमी

| | | |
|---|---|---|
| पैतृक पहिचान | : | BWH-87.316 x BK (LB) |
| जातीय श्रोत | : | अन्तराष्ट्रिय आलुवाली केन्द्र, लिमा, पेरु |

### वानस्पतिक स्वरूप

| | | |
|---|---|---|
| बोटको आकार | : | मध्यम, खुल्ला झांगिने खालको |
| डाँठ | : | मध्यम मोटाई, हरियो रङ्ग, रौं केहि मात्रामा मात्रै |
| पात | : | केहि लाम्चिलो, चुच्चो परेको, हरियो रङ्ग, समतल सतह |
| फूल | : | मध्यम बैजनी रङ्गको, छोटो दिनमा थोरै फुल्ने र आलुभेंडा लाग्ने |
| आलुको दाना | : | मध्यम आकारको, आँखाको गहिराई मध्यम भएको, सेतो, समतल सतह भएको, हल्का रातो आँखा भएको, सेतो गुदी भएको |

### जातीय विशेषता

| | | |
|---|---|---|
| बाली तयार हुने समय | : | १०० देखि १२० दिन (मध्यम) |
| डाँठको सँख्या | : | सरदर ३-४ प्रति बोट |

| | | |
|---|---|---|
| दानाको संख्या | : | सरदर १०-१२ प्रति बोट |
| शुषुप्तावस्था | : | सरदर ६- ८ हप्ता (मध्यम) |
| रोग अवरोधक क्षमता | : | डढुवा सहन सक्ने |
| अन्य विशेषताहरु | : | सिफारिस भइसकेका पुराना जातहरु डेजिरे र कुफ्रि सिन्दुरीको तुलनामा उत्पादन बढि दिने |
| सिफारिस भौगोलिक क्षेत्र | : | नेपालको तराई तथा भित्री मधेश |

## ९. खुमल उज्वल

यो आलुको जात (चित्र ९) सन् २००३ मा एल २३५-४ का नामले नेपाल भित्रिएको हो । यो जातले देशका विभिन्न अनुसन्धान केन्द्रहरु र कृषकहरुको खेत वारीमा यस जातले देखाएको नतिजा अनुसार सन् २०१३/१४ (वि. सं. २०७१) मा यो जातलाई खुमल उज्वलको नामबाट उन्मोचन गरिएको छ ।



चित्र ९

### जातीय पृष्ठभूमी

| | | |
|---|---|---|
| पैतृक पहिचान | : | एल २३५-४ अथवा एन वाइ एल २३५-४ |
| जातीय श्रोत | : | अन्तराष्ट्रिय आलुवाली केन्द्र, लिमा, पेरु |
| विकसित गरिएको देश | : | संयूक्त राज्य अमेरीका |
| जातिय श्रोत | : | INIA Chile |

### वानस्पतिक स्वरूप

| | | |
|---|---|---|
| बोटको आकार | : | फैलिने किसिमको, |
| डाँठ | : | मोटो, डाँठमा धेरै भूसहरु (Trichome) भएको, |
| पात | : | बाक्लो, गाढा हरियो किसिमको |

| | | |
|---|---|---|
| फूल | : | सेतो तर धेरै फुल्ने |
| आलुको दाना | : | अण्डाकार, मध्यम आकार र चिप्लो, सेतो |

## जातीय विशेषता

| | | |
|---|---|---|
| बाली तयार हुने समय | : | मध्यम (१००-१२० दिनमा तयार) |
| डाँठको सँख्या | : | ५-६ प्रति बोट |
| दानाको संख्या | : | ५-७ प्रति बोट |
| शुषुप्तावस्था | : | ढिला (१२० दिन) |
| रोग अवरोधक क्षमता | : | डढुवा रोग सहन सक्ने, भाइरस "एक्स" र "वाई" अवरोधक |
| कीरा अवरोधक क्षमता | : | आलुको पुतली लगायतका केहि कीराहरु तुलनात्मक रुपले कम लाग्ने |
| सरदर उत्पादन | : | २५ टन प्रति हेक्टर |
| अन्य विशेषताहरु | : | आकर्षक दानाको रंग र आकार, पात तथा डाँठमा भूसहरु (trichome) बढि हुने भएकोले किराको प्रकोप कम हुने |
| भण्डारण गुण | : | लामो (८ हप्ता भन्दा वढी) |
| प्रशोधन गुण | : | मध्यम शुख्खा पदार्थ प्रतिशत, चिप्स बन्ने गुण मध्यम खालको |
| सिफारिस भौगोलिक क्षेत्र | : | तराई देखि उच्च पहाडसम्म सफलतापूर्वक खेती गर्न सकिने, |

## १०. खुमल उपहार

यो जात (चित्र १०) मा सि.आइ.पि. ३८९७४६.२ का नामले नेपाल भित्रिएको हो । देशका विभिन्न अनुसन्धान केन्द्रहरु र कृषकको खेतवारी मा यस जातले देखाएको नतिजा अनुसार सन् २०१३/०१४ (वि.सं. २०७१) मा यो जातलाई खुमल उपहार को नामबाट उन्मोचन गरिएको छ ।



चित्र १०

## जातीय पृष्ठभूमी

| | | |
|---|---|---|
| पैतृक पहिचान | : | सि .आइ. पी. ३७८९४६.४ |
| जातीय श्रोत | : | अन्तराष्ट्रिय आलुवाली केन्द्र, लिमा, पेरु |

## वानस्पतिक स्वरूप

| | | |
|---|---|---|
| बोटको आकार | : | मध्यम अग्लो, फैलिने खालको |
| डाँठ | : | मोटो, हल्का रातो देखिने |
| पात | : | बाक्लो, खस्रो गाढा रंगका पातहरु |
| फूल | : | हरियो बैजनी रंगको, धेरै फुल्ने |
| आलुको दाना | : | अण्डाकार, सानो-ठूलो दुवै खाले फल्ने |
| दानाको रंग | : | गोलो हल्का रातो र सेतो मिश्रीत गाजले किसिमको |

## जातीय विशेषता

| | | |
|---|---|---|
| बाली तयार हुने समय | : | मध्यम (१००-१२० दिनमा तयार) |
| डाँठको सँख्या | : | २-३ प्रति बोट |
| दानाको संख्या | : | ४-५ प्रति बोट |
| शुषुप्तावस्था | : | मध्यम (८ हप्ता) |
| रोग अवरोधक क्षमता | : | डढुवा सहन सक्ने |
| सरदर उत्पादन | : | २४ टन प्रति हेक्टर उत्पादन |
| अन्य विशेषताहरु | : | सुख्खा पदार्थ बढी भएको, सुख्खा तथा खडेरी केहि हदसम्म सहन सक्ने, मिठो स्वाद भएको |
| सिफारिस भौगोलिक क्षेत्र | : | सबै क्षेत्रहरुमा सफलतापूर्वक खेती गर्न सकिने |

## बियाँ आलुका दुई नयाँ पंजिकृत जात टि.पि.एस. १ र टि.पि.एस. २

आलुको बोटको शीर्ष भागमा फूल लागि गोलभैँडा जस्तो फल लाग्दछ र यिनै फलभित्र गोलभैँडाको जस्तै तर अझै मसिना बीउहरु हुन्छन् । यिनै बीउहरु नै बीयाँ अर्थात् टि.पि.एस हुन् । यीनैलाई प्रयोगमा ल्याई गरिने खेतीलाइ नै बीयाँबाट आलु खेती भनिन्छ । नेपालमा अधिकाँश क्षेत्र पहाडले ओगटेकोले यातायातको सुविधा पर्याप्त छैन । त्यस्तै शित भडारणको अभाव, बीउ आलुको अभाव र बीउ आलुमा हुने ठूलो धनराशीको लगानीको कारण सर्वसाधारण कृषकले उन्नत आलुखेती प्रविधि अबलम्बन गर्न नसकेको पाइन्छ । यसै सन्दर्भमा बीउमा हुने खर्च अत्यन्त कम हुने, रोग कीरा कम लाग्ने, भण्डारण तथा बीउ ओसार पसारमा सरलता तथा कम खर्चिलो हुने र प्रति इकाई जग्गामा उत्पादन बढी हुने हुँदा बीयाँबाट हुने आलुखेती प्रविधी हालका बर्षहरुमा तराइदेखी उच्च पहाड सम्म आकर्षणको बिषय बनेको छ ।


विविध हावापानी सुहाउँदा बढी उत्पादन दिन सक्ने उन्नत जातका बीयाँहरु उपलब्धता बढाउने उद्देश्यका साथ राष्ट्रिय आलुवाली अनुसन्धान कार्यक्रम, खुमलटारले अन्तरराष्ट्रिय आलु बिकास केन्द्र (CIP) लिमा, पेरुबाट प्राप्त आलु बियाँका जातहरुको अनुसन्धान गर्ने कार्य विगत केही बर्षदेखि गरीराखेको छ । नेपालका विभिन्न कृषि अनुसन्धान केन्द्रहरु तराइदेखी उच्च पहाडमा केही बर्ष गरिएको जातिय परिक्षणको आधारमा उत्कृष्ट देखिएका जातहरुको कृषकको खेतबारीमा सहभागीतामूलक जातीय परिक्षण गर्दै यिनै मुल्यांकनबाट प्राप्त नतिजाका आधारमा उत्कृष्ट ठहरिएका र किसानहरुले व्यवसायिक रुपमा खेती गर्दै आएका एच.पी.एस २/६७ र एच.पी. एस ७/६७ नामका दुई बियाँ आलुका जातहरु कमश: टि.पि.एस. १ (चित्र नं. १) र टि.पि.एस.२ (चित्र नं. २) नाममा २०१३/०१४ (वि.सं २०७१) मा पन्जीकरण भएका हुन् । यिनी दुई जातहरूको जातिय पृष्ठभूमी, वानस्पतिक स्वरुप र जातिय विशेषताहरूको बारे केहि जानकारी छोटकरीमा तल तालिका संख्या १ मा दिइएको छ ।

## तालिका १: पञ्जिकृत वीयाँ आलुका जातका संक्षिप्त जातिय विवरण

| क्र. सं. | विवरण | जातहरु | |
|---|---|---|---|
| | | टि.पि.एस. १ (एच.पी एस २/६७) | टि.पि.एस.२ (एच.पी.एस. ७/६७) |
| १. जातिय पृष्ठभूमी | | | |
| | क) जातिय पहिचान | एच.पी.एस. २/६७ | एच.पी.एस. ७/६७ |
| | ख) विकसित गरिएको देश | अन्तराष्ट्रिय आलु विकास केन्द्र, लिमा, पेरु | अन्तराष्ट्रिय आलु विकास केन्द्र, लिमा, पेरु |
| | ग) जातीय श्रोत | अन्तराष्ट्रिय आलु विकास केन्द्र, लिमा, पेरु | अन्तराष्ट्रिय आलु विकास केन्द्र, लिमा, पेरु |
| | घ) वंशावली (Pedigree) | (MF II x TPS-67) | (TPS7 x TPS67) |
| २) वानस्पतिक स्वरुप | | | |
| | क) बोटको आकार | ठाडो देखि मध्यम फैलिने | ठाडो |
| | ख) डाँठको किसिम | मोटो, कडा, चौडा देखी गोलो , हल्का रंगिन डाँठ | पातलो, नरम, चौडा देखी गोलो र रंगिन डाँठ |
| | ग) पातको किसिम | लामो चौडा बाक्लो हरियो | चौडा, चिप्लो, बाक्लो, हरियो |
| | घ) फूलको किसिम | सेतो, बैजनी देखि हल्का निलो सम्म | सेतो, बैजनी देखि हल्का निलो सम्म |
| | ङ) आलुको दाना | सेतो गोलाकार | सेतो गोलाकार |
| | च) दानाको रंग | सेतो | सेतो |
| | छ) गुदीको रंग | हल्का पहेँलो | पहेँलो |
| ३) जातिय बिशेषता | | | |
| | क) बाली तयार हुने समय | ११०-१२० दिन | ११०-१२० दिन |
| | ख) सरदर डाँठको संख्या | ३-४ प्रति बोट | ३-४ प्रति बोट |
| | ग) सरदर दानाको संख्या | १०-१२ प्रतिबोट | ९-१० प्रतिबोट |
| | घ) सरदर उत्पादन | ३५-४० टन प्रति हेक्टर | ३०-३५ टन प्रति हेक्टर |
| | ङ) रोग अवरोधक क्षमता | केही हदसम्म डढुवा रोग सहन सक्ने | केही हदसम्म डढुवा रोग सहन सक्ने |
| | च) कीरा अवरोधक क्षमता | अध्ययन नभएको | अध्ययन नभएको |
| | भण्डारण गुण | मध्यम, ८ हप्तासम्म राख्न सकिने। | मध्यम, ८ हप्ता सम्म भण्डारण गर्न सक्ने |
| | प्रशोधन गुण | १७.२% सुख्खा पदार्थ, चिप्स बन्ने गुण मध्यम खालको | १७.३ % सुख्खा पदार्थ, चिप्स बन्ने गुण मध्यम खालको |
| | अन्य विशेष गुणहरु | बोटको जरा तथा त्यान्द्रा फैलिन्छ र सापेक्षिक घनत्व- १.०६६१ | जरा एक ठाउँमा गुजमुज हुन्छ, त्यान्द्रा कम फैलिन्छ। सापेक्षिक घनत्व-१.०६७६ |
| | खेतीका लागि सिफारीस भौगोलिक क्षेत्र | तराइ देखी उच्च पहाड | तराइ देखी उच्च पहाड |




चित्र ११: टि.पि.एस. १
(एच.पि.एस. २/६७)




चित्र १२: टि.पि.एस. २
(एच.पि.एस. ७/६७)

9290 D

थप जानकारीका लागि

राष्ट्रिय आलुवाली अनुसन्धान कार्यक्रम, खुमलटार,
ललितपुरमा सम्पर्क राख्नुहोला ।
फोन ०१-५५२२११४
फ्याक्स नं : ५५३८००५
इमेल : prp@narc.gov.np
Website: www.narc.org.np